081-5▒151, 520338, 520316
टोलफ्री नं : 16608152052
फ्याक्स नं : 081-520240
इमेल: nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद महाशाखा
## नेपालगञ्ज, बाँके
लुम्विनी प्रदेश

पत्र सख्या : ०७८/०७९
च.न. : ४66

मिति : २०७८।११।०४

विषय : आधारभूत तह ( कक्षा -८) को परीक्षा आवेदन फारम भर्ने सम्वन्धी सूचना ।

श्री सामुदायिक , संस्थागत र मदरसा (कक्षा -८) सन्चालित
सम्पूर्ण विद्यालयहरु नेपालगन्ज उप महानगरपालिका बाँके ।

प्रस्तुत विषयमा नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित विद्यालयहरुको आधारभूत तह (कक्षा -८ ) परीक्षा सन्चालि तथा व्यवस्थापन समितिको मिति : २०७८।११।०१ गते वसेको वैठकको निर्णय अनुसार शै.स. २०७८ को आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षामा सहभागी हुने विद्यार्थीहरुका लागि परीक्षा आवेदन फारम यस उप महानगरपालिकाको शिक्षा , युवा तथा खेलकुद महाशाखाबाट लिइ विद्यार्थीहरुको परीक्षा फारम भरी / भराई तपसिल वमोजिमका कागजात सहित यही फागुन २० गते भित्र अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ ।

गोर्ख बहादुर थापा
उप–सचिव (प्रा)

तपसिल

१) आवेदन तथा समष्टीगत फारममा विद्यार्थीको नाम , जन्ममिति , वावुआमाको नाम जन्मदर्ता अनुसार पछिसम्म फरक नपर्ने गरी भर्नुपर्नेछ ।

२) विद्यार्थीहरुले फारम भर्दा अनिवार्य रुपमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि फारम साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

३) परीक्षा फारम लिन आउँदा कक्षा ८ को जम्मा विद्यार्थी संख्या र ऐच्छिक विषय खुलाइएको विद्यालयको पत्र अनिवार्य रुपमा ल्याउनुपर्नेछ ।

४) विद्यालयले विद्यार्थीहरुको विवरण अनिवार्य रुपमा IEMIS मा अद्यावधिक गरेको हुनुपर्नेछ ।

५) संस्थागत विद्यालयको हकमा प्रति विद्यार्थी रु ६०० (छ सय ) का दरले हुन आउने रकम नगर शिक्षा समितिको कोषमा वुझाइ सो को बैङ्कको भौचर पेश गर्नुपर्नेछ ।

६) विद्यार्थीले हालसालै खिचेको पार्सपोट साइजको २ प्रति फोटो ।

वोधार्थ

श्री सूचना तथा प्रविधि शाखा ( वेवसाइडमा प्रकाशित गरिदिनु हुन ।) ।